# नेपाल व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन निर्देशिका, २०७९

<u>कोशी प्रदेश सरकारबाट स्वीकृत मिति:</u> २०७९/१२/२२

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

# नेपाल व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन निर्देशिका, २०७९

औपचारिक तथा अनौपचारिक पद्धतिबाट सिकिएको वा अनुभव हासिल गरेको ज्ञान, सीप, क्षमता र दक्षतालाई परीक्षण तथा प्रमाणित गरी योग्यताको प्रमाणपत्र प्रदान गर्ने र त्यस्ता योग्यताका प्रमाणपत्रलाई शिक्षाको मूलधारमा समाहित हुने गरी पहिचान गर्ने सम्बन्धमा प्रदेशस्तरमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयनमा सहजीकरण गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा सुशासन अभिवृद्धि गर्ने सन्दर्भमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो निर्देशिका स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, प्रारम्भ र बिस्तार:** (१) यस निर्देशिकाको नाम "नेपाल व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो निर्देशिका कोशी प्रदेशभर लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "परियोजना" भन्नाले सम्झौता बमोजिम सञ्चालन भइरहेको नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना, कोशी प्रदेश सम्झनु पर्छ।

(ख) "प्रणाली" भन्नाले औपचारिक र अनौपचारिक पद्धतिबाट सिकिएको वा अनुभव हासिल गरेको ज्ञान, सीप र दक्षतालाई परीक्षण तथा प्रमाणित गरी योग्यताको प्रमाणपत्र प्रदान गर्ने र त्यस्ता योग्यताका प्रमाणपत्रलाई शिक्षाको मूलधारमा समाहित हुने गरी पहिचान गर्ने परियोजना अन्तरगतको राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(घ) "राष्ट्रिय सीप परीक्षण समिति" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१ को नियम ८ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले परियोजनाको समन्वय र कार्यान्वयन गर्न गठित दफा ३ बमोजिमको परियोजना कार्यान्वयन समन्वय समिति सम्झनु पर्छ।

(च) "समन्वय इकाई" भन्नाले परियोजनाको कार्यान्वयन गर्न मन्त्रालयबाट गठित दफा ५ बमोजिमको प्रदेश परियोजना समन्वय इकाई सम्झनु पर्छ।

(छ) "सम्झौता" भन्नाले परियोजना सञ्चालनका लागि नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता सम्झनु पर्छ।

(ज) "सहयोग इकाई" भन्नाले परियोजना कार्यान्वयनका लागि प्राविधिक सहयोग गर्न स्वीस सरकार विकास सहयोगद्वारा छनोट गरिएको संस्था स्वीस कन्ट्याक्टबाट नियुक्त कर्मचारीहरू सम्मिलित भएको दफा ८ बमोजिमको प्रदेश परियोजना सहयोग इकाई सम्झनु पर्छ।

## परिच्छेद -२

## संस्थागत संरचनाको व्यवस्था

३. **समितिको गठन सम्बन्धी व्यवस्था:** परियोजना कार्यान्वयनको लागि आवश्यक नीति तर्जुमा, अन्तर निकाय समन्वय एवं मार्गदर्शन गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा सुशासन अभिवृद्धिका लागि देहाय अनुसारको एक परियोजना कार्यान्वयन समन्वय समिति रहनेछः-

(क) सचिव, मन्त्रालय —अध्यक्ष

(ख) निर्देशक, प्रविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्रदेश कार्यालय, कोशी प्रदेश —उपाध्यक्ष

(ग) प्रमुख, योजना सम्बन्धी विषय हेर्ने महाशाखा, मन्त्रालय —सदस्य

(घ) मन्त्रालयको श्रम तथा रोजगार सम्बन्धी विषय हेर्ने शाखा अधिकृत —सदस्य

(ङ) अधिकृत प्रतिनिधि, उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय —सदस्य

(च) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय —सदस्य

(छ) अधिकृत प्रतिनिधि, कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय —सदस्य

(ज) अधिकृत प्रतिनिधि, प्रदेश योजना आयोग —सदस्य

(झ) प्रतिनिधि, उद्योग वाणिज्य महासंघ, कोशी प्रदेश —सदस्य

(ञ) प्रतिनिधि, उद्योग परिसंघ, कोशी प्रदेश —सदस्य

(ट) प्रमुख, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी विषय हेर्ने महाशाखा, मन्त्रालय —सदस्य-सचिव

४. **समितिको काम, कर्तव्य र अधिकार:** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परियोजना कार्यान्वयनको लागि आवश्यक नीति निर्धारण गर्ने तथा परियोजना कार्यान्वियनका लागि आवश्यक निर्देशन दिने,

(ख) सीप मूल्याङ्कन प्रमाणीकरण कार्यका लागि समन्वय इकाईबाट तयार भई प्राप्त अनुगमनका विधि तथा निर्देशिकाहरू स्वीकृतिका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ग) परियोजना सञ्चालनको लागि समन्वय इकाईले तयार गरेको वार्षिक कार्यक्रम तथा बजेट माथि छलफल तथा परिमार्जन गरी स्वीकृतिका लागि मन्त्रालय समक्ष प्रस्ताव गर्ने,

(घ) समन्वय इकाईले तयार गरेको परियोजना सम्बद्ध आवधिक प्रतिवेदनहरू स्वीकृत गर्ने,

(ङ) परियोजना सञ्चालनको लागि आवश्यकता अनुसार संघीय, प्रादेशिक मन्त्रालय र स्थानीय तहबीच समन्वय गर्ने,

(च) परियोजनाबाट सञ्चालित कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण र निर्देशन दिने,

(छ) श्रम बजारको माग र जनशक्ति आपूर्तिको अन्तर पहिचानका आधारमा समुदायगत विशिष्ट परम्परागत पेशाको पहिचान र स्तरीकृत गरी मूल्याङ्कन मापदण्ड बनाउन संघीय निकायसँग समन्वय गर्ने,

(ज) परियोजना कार्यान्वियनका क्रममा देखा परेका समस्याको सम्बन्धमा आवश्यकता अनुसार विभिन्न निकायहरूसँग समन्वय तथा सहजीकरण गरी समाधान गर्ने,

(झ) परियोजना कार्यान्वनका लागि संघीय तहको परियोजना कार्यान्वयन इकाईसँग आवश्यकता अनुसार सञ्चार र समन्वय गर्ने,

(ञ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम तथा परियोजनाको विकासका लागि निर्माण गरिने दफा १७ बमोजिमको सञ्जाल निर्माणको उद्देश्य, सञ्जाल सञ्चालन विधि, सञ्जाल निर्माणको आधार, सञ्जालमा रहने स्थानीय तहहरूको छनौट विधि तथा सञ्जाल सञ्चालनको समग्र प्रारूप निर्धारण गरी स्वीकृतिका लागि मन्त्रालयसमक्ष पेश गर्ने,

(ट) परियोजनासँग सम्बन्धित प्रतिवेदनहरू संघीय तहको परियोजना कार्यान्वयन इकाईलाई उपलब्ध गराउन समन्वय इकाईलाई निर्देशन दिने,

(ठ) प्रणालीको कार्यान्वयनका लागि संस्थागत संरचनाको विकास र सबलीकरण गरी सुशासन कायम गर्ने।

(२) समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक वा आवश्यकता अनुसार बस्न सक्नेछ र यसरी बस्ने बैठक सम्बन्धी कार्यविधि समिति स्वयंले निर्धारण गरे बमोजिम हुनेछ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार विषयगत विज्ञ तथा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

५. <u>समन्वय इकाईको गठन सम्बन्धी व्यवस्था:</u> परियोजना र अन्तर्गतका कार्यक्रमको कार्यान्वयन, समन्वय तथा अनुगमन गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा सुशासन अभिवृद्धिका लागि देहाय अनुसारको एक प्रदेश परियोजना समन्वय इकाई रहनेछः-

(क) मन्त्रालयका प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख —संयोजक

(ख) सम्पर्क व्यक्ति, राष्ट्रिय सीप परीक्षण समिति, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्रदेश कार्यालय, कोशी प्रदेश —सदस्य

(ग) मन्त्रालयका योजना सम्बन्धी विषय हेर्ने एकजना शाखा अधिकृत —सदस्य

(घ) लेखा अधिकृत, मन्त्रालय —सदस्य

(ङ) मन्त्रालयका प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी विषय हेर्ने शाखा अधिकृत —सदस्य-सचिव

६. <u>समन्वय इकाईको काम, कर्तव्य र अधिकार:</u> (१) समन्वय इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी मन्त्रालयमा स्वीकृतिका लागि पेश गर्ने प्रयोजनार्थ समितिसमक्ष पेश गर्ने,

(ख) मन्त्रालयबाट स्वीकृत भएको वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने,

(ग) अर्धवार्षिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी समितिमार्फत संघीय परियोजना समन्वय इकाईमा पठाउने,

(घ) सीप मूल्याङ्कन प्रमाणीकरण कार्यका लागि अनुगमनका विधि तथा निर्देशिकाहरू तयार गरी समितिसमक्ष पेश गर्ने,

(ङ) औद्योगिक क्षेत्रको श्रमिकको माग र आपूर्तिको पहिचान गरी तथ्याङ्क सङ्कलन तथा डाटाबेस तयार तथा अद्यावधिक गर्ने,

(च) औद्योगिक क्षेत्रको श्रमिकको माग र आपूर्तिको अवस्था सन्तुलन गर्न औद्योगिक क्षेत्रका प्रतिनिधिहरूसँग छलफल गरी आवश्यकतानुसार सम्बन्धित निकायसँग समन्वय गर्ने,

(छ) सीप परीक्षण केन्द्रको अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(ज) सीप प्रमाणीकरण, मूल्याङ्कन तथा प्रणालीका कार्यहरूका लागि डाटाबेस अद्यावधिक गर्ने,

(झ) परियोजना कार्यान्वयनका क्रममा सीप परीक्षण कार्यका लागि जनशक्तिको व्यवस्थापन गर्ने,

(ञ) परियोजना सम्बन्धी कार्यशाला तथा बैठक सञ्चालन गर्ने,

(ड) दफा १७ बमोजिमको सञ्जाल निर्माणको उद्देश्य, सञ्जाल सञ्चालन विधि, सञ्जाल निर्माणको आधार, सञ्जालमा रहने स्थानीय तहहरुको छनौट विधि तथा सञ्जाल सञ्चालनको समग्र प्रारूप निर्धारण गरी समितिसमक्ष पेश गर्ने,

(ढ) परियोजना अन्तर्गत सञ्चालित कार्यक्रमहरू राष्ट्रिय व्यावसायिक योग्यता प्रारुपसँग मिले नमिलेको सुनिश्चित गर्ने,

(ट) परियोजना सम्बन्धी सचेतनाका लागि स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्ने,

(ठ) स्थानीय तहहरूसँग प्रणाली लागू गर्न समन्वय गर्ने,

(ड) परियोजना कार्यान्वयनका लागि आश्यकता अनुसार विभिन्न निकाय एवं सरोकारवाला संघसंस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,

(ढ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा सुशासन अभिवृद्धिका लागि समितिले निर्देशन दिए बमोजिम अन्य कार्यहरू गर्ने।

(२) समन्वय इकाईको बैठक महिनामा कम्तीमा एक पटक वा आवश्यकता अनुसार बस्न सक्नेछ र यसरी बस्ने बैठक सम्बन्धी कार्यविधि समिति स्वयंले निर्धारण गरे बमोजिम हुनेछ।

(३) समन्वय इकाईको बैठकमा आवश्यकता अनुसार विषयगत विज्ञ तथा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

७. **समितिप्रति जवाफदेही हुने:** समन्वय इकाई आफूले गर्ने समस्त कार्यहरुका सम्बन्धमा समितिप्रति जवाफदेही हुनेछ।

८. **सहयोग इकाई सम्बन्धी व्यवस्था:** (१) परियोजना कार्यान्वयनका लागि समिति र समन्वय इकाईलाई प्राविधिक सहयोग गर्न कर्मचारीहरुको एक प्रदेश परियोजना सहयोग इकाई रहनेछ।

(२) उपदफा (१) बमोजिमको इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम तथा बजेट तयारीका लागि समन्वय इकाईलाई सहयोग गर्ने,

(ख) स्वीकृत वार्षिक बजेट बमोजिमका कार्यक्रमहरू कार्यान्वयन गर्न समिति र समन्वय इकाईलाई सहयोग गर्ने,

(ग) आवधिक प्रगति प्रतिवेदन तयार गरी समन्वय इकाईसमक्ष पेश गर्ने,

(घ) सीप मूल्याङ्कन तथा प्रमाणीकरण कार्यको लागि अनुगमनका विधि तथा उपकरणहरू तयारी तथा अद्यावधिक गर्न सहयोग गर्ने,

(ङ) सीप परीक्षण केन्द्रको अनुगमन तथा सुपरीवेक्षणमा सहभागी हुने,

(च) सीप प्रमाणीकरण, मूल्याङ्कन तथा परियोजनासम्बद्ध अन्य कार्यहरुका लागि तथ्याङ्क संकलन र अद्यावधिक गर्न सहयोग गर्ने,

(छ) परियोजना सम्बन्धी कार्यशाला तथा बैठक सञ्चालन गर्न समन्वय गरी सहभागी हुने,

(ज) परियोजना सम्बन्धी सूचनामूलक सामग्री तयारी र वितरण गर्न सहयोग गर्ने,

(झ) परियोजना सम्बन्धी सचेतना र प्रचार-प्रसारको लागि स्थानीय तहसँग समिति तथा समन्वय इकाईले गर्ने समन्वय तथा सहकार्यमा आवश्यक सहयोग गर्ने,

(ञ) संघीय परियोजना सहयोग इकाईबाट सञ्चालन गरिने विभिन्न कार्यक्रमहरुमा सहभागिता जनाउने,

(ट) समिति र समन्वय इकाईले निर्णय गरे बमोजिमका अन्य कार्यहरू गर्ने।

(३) उपदफा (१) बमोजिमको इकाईमा रहने कर्मचारीहरुको सम्पूर्ण व्यवस्थापन स्वीस कन्ट्याक्ट अन्तर्गत संघीय परियोजना सहयोग इकाईले गर्नेछ।

९. **स्थानीय तह स्तरीय समन्वय समिति सम्बन्धी व्यवस्था:** प्रत्येक स्थानीय तहमा सञ्चालन भएका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरू र सीप परीक्षणको प्रभावकारी कार्यान्वयन, अनुगमन र समन्वय गरी स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा सुशासन अभिवृद्धिका लागि लागि देहाय बमोजिमको एक स्थानीय तह स्तरीय समन्वय समिति रहनेछः-

(क) प्रमुख/अध्यक्ष —अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(ग) सम्बन्धित स्थानीय तहमा रहेका प्राविधिक शिक्षालयका प्रमुख वा प्राविधिक धार सञ्चालन

भएका माध्यमिक विद्यालयका प्रधानाध्यापक
मध्येबाट अध्यक्षले तोकेको दुई जना —सदस्य

(घ) तालिम र सीप विकास सम्बन्धी विषय हेर्ने
शाखा प्रमुख —सदस्य

(ङ) रोजगार संयोजक —सदस्य

(च) शिक्षा महाशाखा/ शाखा प्रमुख —सदस्य-सचिव

१०. <u>स्थानीय तह स्तरीय समन्वय समितिको काम, कर्तव्य र अधिकार:</u> (१) स्थानीय तह स्तरीय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको अवस्था, समस्या, समस्याबारे छलफल र खोजी गर्ने,

(ख) स्थानीय तह भित्र सञ्चालन हुने प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरू सञ्चालन गर्न सहजीकरण गर्ने,

(ग) स्थानीय तह भित्र सञ्चालित प्राविधिक शिक्षालय वा सीप परीक्षण केन्द्रबाट स्थानीय सेवाग्राही लाभान्वित हुने खालका कार्यक्रमहरू सञ्चालन गर्ने,

(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम र परियोजनाबाट हुने लाभका सम्बन्धमा स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

(ङ) सीप परीक्षण केन्द्र रहेका अन्य स्थानीय तहसँग समन्वय गरी सीप परीक्षण कार्यमा सहयोग र समन्वय गर्ने,

(च) स्थानीय तहभित्रका उद्योग, व्यवसाय र संघ संस्थामा आवश्यक पर्ने दक्ष जनशक्ति र पेशा पहिचान गर्न सहजीकरण गर्ने,

(छ) स्थानीय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यान्वयन क्षमता सुदृढ गर्न समिति वा समन्वय इकाईद्वारा आयोजना गरिने कार्यशाला तथा बैठकमा भाग लिने,

(ज) स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमलाई व्यवस्थित बनाउन अन्य आवश्यक कार्यहरू गर्ने।

(२) स्थानीय तह स्तरीय समन्वय समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक वा आवश्यकता अनुसार बस्न सक्नेछ र यसरी बस्ने बैठक सम्बन्धी कार्यविधि समिति स्वयंले निर्धारण गरे बमोजिम हुनेछ।

(३) स्थानीय तह स्तरीय समन्वय समितिको बैठकमा आवश्यकता अनुसार विषयगत विज्ञ तथा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद-३

## परियोजना कार्यान्वयन, सीप मूल्याङ्कन तथा प्रमाणीकरणको अनुगमन र प्रतिवेदन

११. **परियोजना कार्यान्वयन:** (१) परियोजना कार्यान्वयनका लागि समन्वय इकाईले सरोकारवालाहरूबाट प्राप्त सुझाव समेतका आधारमा वार्षिक कार्यक्रम कार्ययोजना तयार गरी समितिसमक्ष पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिद्वारा स्वीकृत वार्षिक कार्यक्रम कार्ययोजना अनुसार समन्वय इकाईले परियोजनाको कार्यान्वयन गर्नेछ।

१२. **अनुगमन तथा मूल्याङ्कन:** (१) सीप परीक्षण कार्यलाई थप गुणस्तरीय र प्रभावकारी बनाउन समन्वय इकाईले तयार गरेको वार्षिक अनुगमन कार्ययोजना अनुसार अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन तयार गर्ने छ।

(२) सीप परीक्षण केन्द्रहरूको गुणस्तर सुनिश्चितताका लागि मन्त्रालय र समिति समेतले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको अनुगमन आधारमा सीप परीक्षण केन्द्रको नवीकरण गर्न सम्बन्धित निकायलाई सिफारिस गरिनेछ।

(४) उपदफा (१) र (२) बमोजिमको अनुगमनका क्रममा दिइएका सुझावहरू कार्यान्वयन नगर्ने सीप परीक्षण केन्द्रहरूलाई आवश्यक कारबाहीका लागि समन्वय इकाईले समितिमार्फत सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

१३. **प्रतिवेदन:** वार्षिक कार्यक्रम कार्ययोजना अनुसार सम्पादन गरेका कार्यहरूको प्रगति प्रतिवेदन तयार भई समितिमा प्राप्त भएपछि समितिले मन्त्रालयमार्फत उक्त प्रतिवेदन नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाउनु पर्नेछ।

## परिच्छेद -४

## जनशक्ति व्यवस्थापन तथा क्षमता अभिवृद्धि

१४. **सीप परीक्षण समन्वय तथा अनुगमन संयन्त्र सम्बन्धी व्यवस्था:** (१) कोशी प्रदेशभित्र सीप परीक्षणका कार्यक्रमहरूको सहज, व्यवस्थित र मर्यादित तवरले सञ्चालन गर्न देहाय बमोजिमको एक प्रदेश सीप परीक्षण समन्वय तथा अनुगमन संयन्त्र रहनेछ:-

(क) मन्त्रालयका प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख —संयोजक

(ख) मन्त्रालयका प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी विषय हेर्ने शाखा अधिकृत —सदस्य

(ग) मन्त्रालयका योजना सम्बन्धी विषय हेर्ने एकजना

शाखा अधिकृत —सदस्य

(घ) अधिकृतस्तर, अनुगमन प्रतिनिधि (प्राविधिक), प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् प्रदेश कार्यालय, कोशी प्रदेश —सदस्य

(ङ) प्राविधिक संयोजक, सहयोग इकाई —सदस्य

(च) अनुगमन अधिकृत, सहयोग इकाई —सदस्य

(छ) उपनिर्देशक/अधिकृत, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्रदेश कार्यालय —सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको संयन्त्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) तालिमप्राप्त सीप परीक्षणकर्ताहरुको अभिलेखीकरण गरी परिषद् कार्यालय र मन्त्रालयमा राख्ने,

(ख) तालिमप्राप्त सीप परीक्षणकर्ताहरुको गुणस्तर सुनिश्चितता, अनुगमन र सुपरिवेक्षण गरी अभिलेख राख्ने,

(ग) सीप परीक्षण कार्यका लागि राष्ट्रिय सीप परीक्षण समितिसँग समन्वय गर्ने,

(घ) सीप परीक्षण कार्यका लागि मूल्याङ्कनकर्ताहरुको तथ्यांक अद्यावधिक गर्ने,

(ङ) सीप परीक्षण कार्यका लागि नियुक्त भएका मूल्याङ्कनकर्ताहरुको परिचालन तथा व्यवस्थापन गर्ने,

(च) राष्ट्रिय सीप प्रमाणीकरणका लागि सीप परीक्षण केन्द्रको नियमन, परीक्षा सञ्चालन र व्यवस्थापन गर्ने,

(छ) मान्यता प्राप्त सीप परीक्षण केन्द्रको अनुगमन, नियमन, नवीकरण र कारबाहीको लागि मन्त्रालयसमक्ष सिफारिस गर्ने।

१५. <u>क्षमता अभिवृद्धि तथा सुशासनः</u> परियोजना अन्तर्गत गुणस्तरीय सीप परीक्षण र व्यावसायिक योग्यता निर्धारण गरी सरोकारवालाको क्षमता अभिवृद्धि गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा सुशासन अभिवृद्धिका लागि देहाय बमोजिमका कार्य गरिनेछः-

(क) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम तथा प्रणाली सम्बन्धमा अभिमूखीकरण गर्ने,

(ख) सीप परीक्षण केन्द्रहरुलाई मूल्याङ्कन तथा परीक्षण विधि प्रक्रियाबारे जानकारी दिन अभिमुखीकरण सञ्चालन गर्ने,

(ग) सीप परीक्षण केन्द्रको आवश्यकताको पहिचान गरी सबलीकरण गर्ने,

(घ) सीप परीक्षण केन्द्रलाई आवश्यकताको आधारमा मानव संसाधन र भौतिक विकासका लागि सहयोग गर्ने,

(ङ) प्रणालीको विकासका लागि मूल्याङ्कनकर्ता तथा सहजकर्ताको तालिम सञ्चालन गर्न सहजीकरण गर्ने,

(च) मन्त्रालय अन्तर्गतका कर्मचारीहरुका लागि अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी तालिम सञ्चालन गर्ने,

(छ) परियोजना कार्यान्वयनका लागि आवश्यक संयन्त्र र संरचनामा संलग्न हुने जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,

(ज) औद्योगिक क्षेत्रको श्रमिकको माग र आपूर्तिको पहिचान गरी माग सम्बोधन गर्नका लागि प्रदेशस्तरीय डाटाबेस तयार गर्ने ।

## परिच्छेद -५

## कार्यक्रम तथा वित्तीय व्यवस्थापन

१६. **बजेट, लेखाङ्कन र लेखा परीक्षण:** (१) परियोजना कार्यान्वयनका लागि समन्वय इकाईले आगामी आर्थिक वर्षका लागि वार्षिक बजेट तथा कार्यक्रम तयार गरी समितिमार्फत स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत बजेट तथा कार्यक्रम मन्त्रालयले सम्बन्धित निकायमा पठाउनेछ।

(३) परियोजनाका लागि वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भई मन्त्रालयमा प्राप्त भएपछि समन्वय इकाईले समितिको निर्णयको आधारमा परियोजनाका क्रियाकलापहरू प्रचलित कानून, सम्झौता र यस निर्देशिका बमोजिम कार्यान्वयन गर्नेछ।

(४) परियोजनाको खर्चको लेखाङ्कन, लेखा परीक्षण तथा प्रतिवेदन सम्झौता बमोजिम हुनेछ।

## परिच्छेद -६

## विविध

१७. **सञ्जाल निर्माण गरिने:** (१) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम तथा सीप परीक्षणको क्षेत्रका सूचना तथा समस्या र अवसरहरुको बारेमा छलफल र प्रचार-प्रसारका साथै एक अर्काका अनुभवहरु आदानप्रदान गर्नका लागि स्थानीय तहहरुको सञ्जाल निर्माण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सञ्जाल निर्माण गर्दा आवश्यकता अनुसार भौगोलिक क्षेत्रको निकटताको आधारमा एक वा सो भन्दा बढी संख्यामा सञ्जाल निर्माण गरिनेछ।

(३) उपदफा (१) बमोजिमको सञ्जाल निर्माणको उद्देश्य, सञ्जाल सञ्चालन विधि, सञ्जाल निर्माणको आधार, सञ्जालमा रहने स्थानीय तहहरूको छनौट विधि तथा सञ्जाल सञ्चालनको समग्र प्रारूप समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१८. **<u>अनुदान तथा व्यवस्थापन खर्च उपलब्ध गराइने:</u>** दफा ९ बमोजिमको स्थानीय तह स्तरीय समन्वय समितिको बैठक व्यवस्थापन लगायतका व्यवस्थापकीय कार्यको लागि मन्त्रालयबाट सम्बन्धित स्थानीय तहमार्फत प्रत्येक वर्ष व्यवस्थापन खर्च उपलब्ध गराउन सक्ने छ।

१९. **<u>बैठक भत्ता:</u>** समिति, समन्वय समिति तथा स्थानीय तह स्तरीय समन्वय समितिका पदाधिकारीहरुको बैठक तथा दैनिक तथा भ्रमण भत्ता प्रचलित कानून बमोजिम हुनेछ।

२०. **<u>संशोधन वा खारेजी:</u>** (१) सम्झौताको अधिनमा रही यस निर्देशिकाको आवश्यकता अनुसार संशोधन वा खारेजी गर्ने अधिकार कोशी प्रदेश सरकारमा निहित रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परियोजना अवधि समाप्त भएपछि यो निर्देशिका स्वतः खारेज भएको मानिनेछ।

सामाजिक विकास मन्त्रालय